# नेपाल स्वास्थ्यको लागिपानी (नेवा)
# कर्मचारीहरुको कार्य विवरण

**पद : वरिष्ठ स्वच्छता तथा सरसफाइ सहजकर्ता (SHSF)**

**पदीय दायित्वको संक्षिप्त विवरण :**

तोकिएको समुदाय/ गाउँपालिकामा स्वच्छता तथा सरसफाइ प्रवर्धन कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गरी अपेक्षीत उपलब्धी सहित सम्पन्न गर्नको लागि आयोजनाको योजना, कार्यान्वयन तथा मुल्याङ्कन गर्ने । लैङ्गिकतथा सामाजिक समावेशीकरणको मुद्धालाई नेवाको नीति अनुसार कार्यान्वयन गरी त्यसको सुनिश्चितता गर्नुका साथै आफू मातहतका कर्मचारीहरुलाई सहयोग र सुपरीवेक्षण गर्नु ।

**सुपरीवेक्षक :**

वरिष्ठ स्वच्छता तथा सरसफाइ सहजकर्ता सम्वन्धित गाउँपालिका स्तरीय खानेपानी स्वच्छता तथा सरसफाइ कार्यक्रम हेर्नको लागि नेवावाट खटिएका  टिम लिडरको मातहतमा रही काम गर्नु पर्नेछ भने पेशागत रुपमा स्वच्छता तथा सरसफाइ सुपरभाईजर/सिनियर स्वच्छता तथा सरसफाइ प्रशिक्षक/स्वच्छता तथा  सरसफाइ प्रशिक्षक प्रति जिम्मेवार रहनेछन ।

**निजले सम्पादन गर्नु पर्ने मुख्यकामहरु :**

१ आयोजनाको सामाजिक, स्वच्छता तथा सरसफाइ कार्यक्रम अघि बढाउन खानेपानी तथा सरसफाइ उपभोक्ता समिति,  स्वच्छता तथा सरसफाइ सहजकर्ता तथा स्वच्छता तथा सरसफाइ स्वयंसेवकलाई सामुदायिक कार्य योजना(Community Action Plan)तयार गर्न तथा कार्य योजना अनुसार कार्यान्वयन गर्न सहजीकरण गर्ने ।

२. स्वच्छता तथा सरसफाइ सहजकर्ताको कामको नियमित अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

३. समुदायमा संचालन गरिने विभिन्न तालिम, गोष्ठिहरु संचालन गर्नको लागि सहयोग गर्ने तथा शैक्षिक सामाग्रीको  ब्यवस्थापन तथा प्रयोग गर्ने / गराउने ।

४. समुदायमा संचालन गरिने स्वच्छता तथा सरसफाइ अभियानहरु संचालन गर्न सम्वन्धित कर्मचारीहरु तथा उपभोक्ता समितिलाई सहयोग तथा सहजिकरण गर्ने ।

५. समुदाय खुल्ला दिसा मुक्त घोषण पश्चात संचालन गरिने पूर्ण सरसफाई कार्यक्रम संचालनको लागि सम्बन्धित खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई सहजीकरण गर्ने ।

६. खानेपानी सुरक्षा योजनालाई प्रभावकारी ढंगले लागु गर्न सहजीकरण गर्ने एंव पानी शुद्धीकरण सम्बन्धी कार्यलाई सफल गर्न भुमिमा निर्वाह गर्ने ।

७. Sanimart Establish गर्न, स्वच्छता तथा सरसफाइका भौतिक संरचना (चाङ्ग, चर्पि, फोहोर फाल्ने खाडल, टुटी भएको बाल्टिन ईत्यादि) निर्माण तथा प्रयोगका लागि सहजकिरण गर्ने ।

८. खानेपानी स्वच्छता तथा सरसफाइ सम्वन्धी जनचेतना मुलक कार्यक्म र्याली, दोहोरी गित, हाजिर जबाफ प्रतियोगिता, भिडीयो प्रदर्शन, माइकीङ्ग जस्ता कार्यक्म संचालन गरि दिसापिसाबको उचित विसर्जन, फोहर व्यबस्थापन, खेरगएको पानी करेसाबारी जस्ता व्यबहारिक कुरा जानकारी गराई खुल्ला दिसामुक्त समुदाय बनाउनको लागि Triggering गर्ने तथा अनुगमन गर्ने सहयोग पुरयाउने ।

९. समुदायमा सरसफाइ सम्बन्धी हालको अवस्थाको बिश्लेषण गरी देख्न चाहेको अवस्थाको सूचकतयार गर्न सहजीकरण र सहयोग गर्ने ।

१०. समुदाय तथा विद्यालयलाई सफा र स्वच्छ गाउ/विद्यालय बनाउन सहजीकरण गर्ने ।

११. नेवाको लैङ्गिक तथा सामाजिक समावेशीकरण अवधारणा तथा नीति अनुरुप कार्यक्म संचालन सहजीकण गर्ने ।

१२. स्थानीय तहयहरु तथा सरोकारवालाहरुसंग सम्वन्धित गाउँ/नगरपालिकासंग स्वच्छता र सरसफाइको विषयमा सस्थाको तर्फवाट समन्वय गर्ने । जिल्ला स्वास्थ्य कार्यालय/स्वास्थ्य चौकीहरुसंग समन्वय गरि आवश्यकता अनुसार स्वास्थ्य सम्वन्धी शिबिर संचालन गर्ने / गराउने ।

१३. गाउँपालिका/नगरपालिका/वडा स्तरीय खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्मन्वय समिति तथा खानेपानी, स्वास्थ्य तथा सरसफाइ उपभोक्ता समितिको नियमीत बैठकमा सहभागि भई आवश्यक परामर्श दिई कार्यक्रममा देखिएमा समस्या समाधानको लागि पहल गर्ने ।

१४. कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्ने साथै आवश्यकता परेमा आधारभूत सर्वेक्षण कार्यमा सहभागीहुने ।

१५. आफुले हेर्ने आयोजनाहरुको नियमित रुपमा नेवा प्रदेश कार्यालयमा प्रतिवेदन तथा घट्ना अध्ययन लेखि पेश गर्ने ।

१६. कार्यालय तथा आयोजना सम्वन्धी र टिम लिडरले जिम्मा दिएका अन्य आवश्यक क्रियाकलापहरु सम्पादन गर्ने ।

१७. समुदायमा स्वच्छता तथा सरसफाई सम्बन्धी चेतना वृद्धि गर्न, पूर्ण सरसफाईका सुचकहरुको बारेमा समुदायमा जानकारी गराउन टोल शिक्षा ( Group Education ) संचालन गर्नुपर्ने ।

**योग्यता र अनुभव**

कम्तीमा SLC /SEE/CMA/TSLC उतीर्ण गरी ग्रामिण क्षेत्रमा खानेपानी सरसरफाई तथा स्वच्छता सम्बन्धी कार्यमा कम्तिमा २ वर्ष अनुभव प्राप्त ।

**दक्षता :**

- समुदायमा घुलमिल भई काम गर्न सक्ने ।
- सामाजिक परिचालन र सहजिकरण क्षमता भएको ।
- दुर्गम क्षेत्रमा रहि काम गर्न  सक्ने ।
- कम्प्युटर (Word/ Excel) चलाउन सक्ने ।
- फिल्ड गतिविधिहरुको प्रतिबेदन तयार गर्न सक्ने ।